# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४/६५ को वार्षिक तथ्याङ्कमा आधारित )*

## वास्तविक क्षेत्र

### कुल गार्हस्थ्य उत्पादन

१. नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०६४।६५ मा देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ५.६ प्रतिशत र उत्पादकको मूल्यमा ४.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६३।६४ मा उपरोक्त वृद्धिदरहरु क्रमशः २.६ प्रतिशत र ३.२ प्रतिशत मात्र रहेका थिए ।

२. आर्थिक वर्ष २०६४।६५ मा कृषि क्षेत्रको उत्पादन ५.७ प्रतिशत र गैर-कृषि क्षेत्रको उत्पादन ५.६ प्रतिशतले वढेको अनुमान छ । अघिल्लो आर्थिक वर्ष कृषि र गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः १.० प्रतिशत र ४.१ प्रतिशत रहेको थियो ।

३. देशको कृषि क्षेत्रको उत्पादनमा महत्वपूर्ण भूमिका रहने मनसुनी वर्षाको स्थिति समीक्षा वर्षमा सन्तोषजनक रह्यो । जल तथा मौसम विज्ञान विभागका अनुसार २०६४ जेठ/असारमा ९८ प्रतिशत, असार/साउनमा १२५ प्रतिशत र साउन/भदौमा १०१ प्रतिशत वर्षा भएको थियो । २०६४ जेठ/असार महिना बाहेक अन्य दुई महिनामा औसतभन्दा बढी वर्षा भएको कारण आर्थिक वर्ष २०६४।६५ मा धान बालीको उत्पादन उत्साहजनक रह्यो । तर हिउँदे बाली खासगरी गहुँ, जौं, दलहन, फलफूलका लागि मौसम अनुकूल रहन सकेन ।

४. मौसमी अनुकूलताको कारण आर्थिक वर्ष २०६४।६५ मा धानको उत्पादन १६.८ प्रतिशतको उच्च दरले बढेको छ । अघिल्ला तीन वर्ष लगातार धानको उत्पादन घटेको थियो । त्यस्तै, मकै ३.२ प्रतिशत, गहुँ ३.८ प्रतिशत, आलु ५.७ प्रतिशतले बढेको कारण खाद्यान्न तथा अन्य बालीको उत्पादन सूचकाङ्क अघिल्लो वर्षको २.७ प्रतिशत ह्रासको तुलनामा समीक्षा वर्ष ७.३ प्रतिशतको उच्च दरले बढेको छ । त्यस्तै, समीक्षा वर्षमा तरकारी तथा वागवानी समूहको उत्पादन ९.६ प्रतिशत, फलफूल तथा मसला ५.४ प्रतिशत, पशुजन्य उत्पादन २.६ प्रतिशत, अन्य पशुजन्य उत्पादन ३.१ प्रतिशत र वनजन्य उत्पादन ०.२ प्रतिशतले बढेको छ ।

५. केन्द्रीय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६४।६५ मा औद्योगिक उत्पादन (म्यानुफ्याक्चरिङ्ग) सूचकाङ्क १.४ प्रतिशतले घटेको अनुमान छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कको वृद्धिदर २.६ प्रतिशत रहेको थियो । वनस्पति घ्यू तथा तेल, प्लाष्टिकका सामान, गार्मेन्ट तथा घरेलु धातुका सामानहरुको उत्पादनमा भएको उल्लेखनीय ह्रासका कारण औद्योगिक उत्पादन घट्न गएको हो ।

६. अन्य औद्योगिक समूहमध्ये प्रशोधित दूध, अन्न तथा पशु दाना, अन्य खाद्य वस्तु, पेय पदार्थ, सुर्तीजन्य वस्तु, पश्मिना, प्रशोधित छाला, चिरान काठ, कागज तथा कागजका सामान, पत्र-पत्रिका, अन्य रासायनिक वस्तु, फलामे रड तथा पत्ती र विजुलीका उपकरण समूहको उत्पादन बढेको छ ।

### उपभोग, लगानी र बचत

७. आर्थिक वर्ष २०६४।६५ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश १.८ प्रतिशत विन्दुले घटेर ८८.५ प्रतिशत रहेको छ । फलस्वरुप, कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको अनुपात अघिल्लो वर्षको ९.७ प्रतिशतबाट आर्थिक वर्ष २०६४।६५ मा ११.५ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा लगानीको अनुपात २८.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४।६५ मा यस्तो अनुपात ३२.० प्रतिशत पुगेको छ। अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनको २०.४ प्रतिशत रहेको कुल स्थिर पूँजी निर्माण आर्थिक वर्ष २०६४।६५ मा सीमान्त दरले वृद्धि भई २१.० प्रतिशत पुगेको छ ।

### कुल राष्ट्रिय खर्चयोग्य आय

८. कुल गार्हस्थ्य उत्पादनमा नेपाली कामदारले विदेशबाट पठाएको विप्रेषण आप्रवाह लगायत अन्य ट्रान्सफर समावेश गरिएको कुल राष्ट्रिय खर्चयोग्य आय आर्थिक वर्ष २०६४।६५ मा १४.६ प्रतिशतले बढेको अनुमान छ। अघिल्लो वर्ष कुल राष्ट्रिय खर्चयोग्य आय १०.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्ष कुल राष्ट्रिय

खर्चयोग्य आयको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १२०.५ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यस्तो अनुपात ११८.८ प्रतिशत रहेको थियो ।

**पर्यटक आगमन**

९. आर्थिक वर्ष २०६३।६४ मा हवाईमार्गबाट ३ लाख ३१ हजार ६४० जना पर्यटकले नेपाल भ्रमण गरेकोमा आर्थिक वर्ष २०६४।६५ मा १०.९ प्रतिशतले वृद्धि भई यस्तो संख्या ३ लाख ६७ हजार ९४३ पुगेको छ । क्षेत्रगत रूपमा विश्लेषण गर्दा समीक्षा वर्षमा तेस्रो मुलुकको पर्यटक आगमन संख्या २१.० प्रतिशतले वृद्धि भई २ लाख ७७ हजार ९२७ पुगेको छ भने अघिल्लो वर्ष तेस्रो मुलुकको पर्यटक संख्या २३.२ प्रतिशतले बढेको थियो । तर भारतीय पर्यटक आगमन संख्या भने समीक्षा वर्षमा ११.६ प्रतिशतले घट्न गई ९० हजार १६ कायम रहेको छ । अघिल्लो वर्ष भारतीय पर्यटक आगमन संख्या ०.६ प्रतिशतको सीमान्त दरले बढेको थियो ।

१०. समीक्षा वर्षमा हवाईमार्गबाट आउने पर्यटक संख्यामध्ये भारतीय तथा तेस्रो मुलुकको अंश क्रमशः २४.५ प्रतिशत र ७५.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः ३०.७ प्रतिशत र ६९.३ प्रतिशत रहेको थियो (तालिका १) ।

**तालिका १**

**हवाइमार्गबाट नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुको संख्या**

| विवरण | आगमन संख्या | | | प्रतिशत परिवर्तन | | अंश | |
|---|---|---|---|---|---|---|---|
| | २०६२।६३ | २०६३।६४ | २०६४।६५ | २०६३।६४ | २०६४।६५ | २०६३।६४ | २०६४।६५ |
| भारत | १,०१,२३१ | १,०१,८६२ | ९०,०१६ | ०.६ | -११.६ | ३०.७ | २४.५ |
| तेश्रो मुलुक | १,८६,४८८ | २,२९,७७९ | २,७७,९२७ | २३.२ | २१.० | ६९.३ | ७५.५ |
| **कुल** | **२,८७,७१९** | **३,३१,६४०** | **३,६७,९४३** | **१५.३** | **१०.९** | **१००.०** | **१००.०** |

*स्रोतः पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।*

**वैदेशिक लगानी**

११. शान्ति सुरक्षाको अवस्थामा भएको क्रमिक सुधारका कारण समीक्षा वर्षमा वैदेशिक लगानीको प्रतिवद्धता बढेको छ । समीक्षा वर्ष उद्योग विभागले रू. ९ अर्ब ८१ करोड वैदेशिक लगानी प्रतिवद्धता भएका २१२ वटा विदेशी संयुक्त लगानीका परियोजनाहरू स्थापनाका लागि स्वीकृति दियो । अघिल्लो वर्ष कुल रू. २ अर्ब ९२ करोड बराबर वैदेशिक लगानी भएका १८४ वटा संयुक्त विदेशी लगानीका परियोजनाहरू स्थापना गर्न स्वीकृति दिइएको थियो । समीक्षा वर्षमा दर्ता गरिएका विदेशी संयुक्त लगानीका कुल २१२ परियोजनाहरूमध्ये पर्यटनसम्बन्धी ६७ वटा, सेवासम्बन्धी ५५ वटा, उत्पादनमूलक ५१ वटा, निर्माणसम्बन्धी १३ वटा, कृषिसम्बन्धी ११ वटा, उर्जासम्बन्धी ८ वटा र खनिजसम्बन्धी ७ वटा परियोजनाहरु रहेका छन् । स्वीकृत वैदेशिक लगानीमध्ये उर्जासम्बन्धी परियोजनामा २९.२ प्रतिशत, खनिजसम्बन्धी परियोजनामा २२.७ प्रतिशत, निर्माणसम्बन्धी परियोजनामा १८.४ प्रतिशत र बाँकी अन्य परियोजनाहरुमा रहेको छ ।

१२. समीक्षा अवधिमा दर्ता भएका परियोजनाहरूबाट कुल १० हजार ६ सय ७७ जनाले रोजगारी पाउने अनुमान गरिएको छ । समीक्षा अवधिमा ३९ मुलुकले नेपालमा लगानी गर्न अनुमति लिएका छन् । देशगत आधारमा हेर्दा समीक्षा वर्षमा सबैभन्दा बढी विदेशी लगानी भारतको रहेको छ । त्यसपछि क्रमशः दक्षिण कोरिया, चीन, यूएई, बेलायत आदि मुलुकहरूको रहेको छ । स्वीकृति प्राप्त गरेका सबै परियोजनाहरू स्थापना भई कार्य प्रारम्भ गरेमा देशमा औद्योगिक उत्पादन तथा रोजगारी बढ्ने देखिन्छ ।

**वैदेशिक रोजगार**

१३. आर्थिक वर्ष २०६३।६४ मा नेपाल सरकार, श्रम तथा रोजगार प्रवर्द्धन विभागले कुल २ लाख १४ हजार ३ सय ६४ जना कामदारहरुलाई वैदेशिक रोजगारीका लागि अन्तिम स्वीकृति प्रदान गरेकोमा आर्थिक वर्ष २०६४।६५ मा यो संख्या १२.५ प्रतिशतले बढ्न गई कुल २ लाख ४१ हजार १ सय ४ जना पुगेको छ ।

१४. नेपाली श्रम शक्ति बढी खपत गर्ने प्रमुख चार देशहरु क्रमशः कतार, मलेशिया, संयुक्त अरव इमिरेट्स र साउदी अरब रहेका छन् । आर्थिक वर्ष २०६४।६५ मा कतारमा मात्र ८४ हजार ४५ जना कामदारहरुलाई वैदेशिक रोजगारीमा जान अनुमति दिइएको थियो, जुन अघिल्लो वर्षको तुलनामा यो ४२.९ प्रतिशतले बढी हो । कुल वैदेशिक रोजगारीमा जान अनुमति दिइएकोमध्ये झण्डै ३५ प्रतिशत कतारका लागि रहेका छन् ।

कतारपछि नेपाली कामदार बढी खपत गर्ने राष्ट्रहरुमा क्रमशः मलेशिया (४९ हजार ५ सय ७६ ), संयुक्त अरब ईमिरेट्स (४४ हजार १ सय ४३) र साउदी अरब (४२ हजार ३ सय ४५) रहेको छन् । आर्थिक वर्ष २०६३।६४ सम्म वैदेशिक रोजगारीका लागि प्रमुख गन्तव्यस्थलको रुपमा मलेशिया रहेकोमा आर्थिक वर्ष २०६४।६५ मा कतार अग्रस्थानमा रहेको छ । आर्थिक वर्ष २०६४।६५ सम्म श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने कामदारको संख्या १२ लाख नाघिसकेको अनुमान छ ।

## मुद्रास्फीति र तलव तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१५. २०६५ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.१ प्रतिशत रहेको छ । २०६४ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६४।६५ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.४ प्रतिशत रहेको थियो । खाद्यान्न र पेट्रोलियम पदार्थको मूल्य वृद्धिको कारण अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६४।६५ मा उपभोक्ता मुद्रास्फीतिमा बढी चाप परेको हो ।

१६. समूहगतरूपमा, समीक्षा अवधिमा खाद्य तथा पेयपदार्थ समूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर १०.१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धि दर ७.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाने तेल तथा घ्यू, अन्न तथा अन्नजन्य पदार्थ र दलहन उप-समूहहरुको मूल्य वृद्धि उच्च रहेको छ । उच्च मूल्य वृद्धि हुने वस्तुहरुमध्ये खाने तेल तथा घ्यू उप-समूहको वार्षिक औसत मूल्य वृद्धि सबैभन्दा बढी २०.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस उप-समूहको मूल्य वृद्धि ६.७ प्रतिशत रहेको थियो । यसैगरी अन्न तथा अन्नजन्य उप-समूहको वार्षिक औसत मूल्य वृद्धि १४.६ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०६३।६४ मा यस उप-समूहको वार्षिक औसत मूल्य वृद्धि ६.४ प्रतिशत रहेको थियो । यस उप-समूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि १७.३ प्रतिशत रहको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो मूल्य वृद्धि २.८ प्रतिशत रहेको थियो । साथै दलहन समूहको मूल्य वृद्धि अघिल्लो वर्ष १७.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा १४.२ प्रतिशत रहेको छ । तर, अघिल्लो वर्ष ७.१ प्रतिशतले ह्रास भएको चिनीको मूल्य सूचकाङ्क समीक्षा अवधिमा पुनः १०.१ प्रतिशतले घटेको छ ।

१७. आर्थिक वर्ष २०६४।६५ मा गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ५.१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ५.५ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६४।६५ मा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सुर्ती तथा सुर्तीजन्य वस्तुको मूल्य ७.४ प्रतिशत, घरायसी वस्तु तथा सेवा ७.० प्रतिशत, जुत्ताचप्पल ५.९ प्रतिशत र औषधी तथा व्यक्तिगत हेरचाहसम्बन्धी वस्तु तथा सेवाहरु ५.० प्रतिशतको दरले वृद्धि भएको छ भने अघिल्लो आर्थिक वर्ष यी वस्तुहरुको मूल्य क्रमशः ६.१ प्रतिशत, ७.२ प्रतिशत, ४.१ प्रतिशत र २.५ प्रतिशतले वृद्धि भएको थियो ।

१८. आर्थिक वर्ष २०६४।६५ मा काठमाडौं उपत्यका, पहाड र तराईको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः ७.२ प्रतिशत, ७.४ प्रतिशत र ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ६.१ प्रतिशत, ६.० प्रतिशत र ६.७ प्रतिशत रहेको थियो । बन्द तथा हड्ताल जस्ता कारणहरुले गर्दा समीक्षा वर्षमा तराई क्षेत्रको मूल्य वृद्धि अन्य भौगोलिक क्षेत्रको तुलनामा केही उच्च रहेको हो ।

१९. यसैगरी, आर्थिक वर्ष २०६४।६५ मा वार्षिक औसत अन्तरनिहित मुद्रास्फीति (Core Inflation) ६.१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ६.० प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

२०. आर्थिक वर्ष २०६४।६५ मा वार्षिक औसत राष्ट्रिय थोक मूल्य सूचकाङ्क ९.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.० प्रतिशत रहेको थियो । वार्षिक बिन्दुगत थोक मूल्य सूचकाङ्कको वृद्धिदर भने २०६४ असारमा ८.५ प्रतिशत रहेकोमा २०६५ असारमा १३.२ प्रतिशत रहेको छ । आयातीत वस्तुको मूल्यमा उल्लेख्य वृद्धि भएका कारण समीक्षा अवधिमा समग्र थोक मूल्य सूचकाङ्कमा चाप परेको हो ।

२१. समूहगतरूपमा, कृषिजन्य वस्तु समूहको मूल्य अघिल्लो वर्ष ११.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.५ प्रतिशतले बढेको छ । यसैगरी स्वदेशमा उत्पादित वस्तु समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा ८.८ प्रतिशतले बढेको छ भने अघिल्लो वर्ष यस समूहको मूल्य वृद्धिदर ८.५ प्रतिशत रहेको थियो । साथै, आर्थिक

वर्ष २०६४।६५ मा आयातीत वस्तु समूहको मूल्य ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष आयातीत वस्तुहरुको मूल्य ५.६ प्रतिशतले वृद्धि भएको थियो ।

**राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क**

२२. आर्थिक वर्ष २०६४।६५ मा वार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ९.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.८ प्रतिशत रहेको थियो । २०६४ असारमा १२.३ प्रतिशतले बढेको वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २०६५ असारमा ११.१ प्रतिशतले बढेको छ । राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये समीक्षा अवधिमा तलबको सूचकाङ्क १०.९ प्रतिशतले र ज्यालादरको सूचकाङ्क ९.४ प्रतिशतले वृद्धि भएको छ । यस्तो वृद्धिदर अघिल्लो वर्ष क्रमशः ६.३ प्रतिशत र १०.९ प्रतिशत रहेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारी लगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा सरदर १७.० प्रतिशतले वृद्धि भएकोले यस अवधिमा तलब सूचकाङ्कमा बढी चाप परेको हो । यसैगरी, समीक्षा अवधिमा ज्यालादर सूचकाङ्क अन्तर्गत कृषि, औद्योगिक र निर्माण मजदूरहरूको ज्यालादरमा क्रमशः ७.७ प्रतिशत, ११.६ प्रतिशत र १०.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यस्तो वृद्धिदर क्रमशः १०.३ प्रतिशत, १३.० प्रतिशत र ७.७ प्रतिशत रहेको थियो ।

## वाह्य क्षेत्र स्थिति

**वैदेशिक व्यापार र शोधनान्तर**

२३. आर्थिक वर्ष २०६४।६५ मा नेपालको शोधनान्तर (बाह्य भुक्तानी सन्तुलन) रु. २९ अर्ब ६७ करोडले बचतमा रहेको छ । आर्थिक वर्ष २०६३।६४ मा शोधनान्तर बचत रु. ५ अर्ब ९० करोड मात्र रहेको थियो । विप्रेषण आप्रवाह र विदेशी अनुदान सहयोगमा उच्च वृद्धिका कारण आर्थिक वर्ष २०६४।६५ मा शोधनान्तर बचत उल्लेख्य रहेको हो । तर अघिल्लो वर्ष रु. १ अर्ब ७३ करोड मात्र रहेको आयात व्यापार कर्जा समीक्षा अवधिमा रु. १५ अर्ब २४ करोड रहेकोले शोधनान्तर बचतको आधार त्यति बलियो रहेको देखिंदैन ।

२४. आर्थिक वर्ष २०६४।६५ मा बाह्य चालू खाता रु. २१ अर्ब ६६ करोडले बचत छ । आर्थिक वर्ष २०६३।६४ मा बाह्य चालू खाता रु. ९० करोडले घाटामा थियो । वस्तु तथा सेवा व्यापार खाता घाटामा रहेतापनि बाह्य खुद ट्रान्सफर आयमा उच्च विस्तारका कारण समीक्षा अवधिमा चालू खाता बचतमा रहेको हो ।

२५. आर्थिक वर्ष २०६४।६५ मा वस्तु व्यापार घाटा २२.२ प्रतिशतले विस्तार भई रु. १६५ अर्ब ३३ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको २०.० प्रतिशत हुन आउँछ । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा रु. १०५ अर्ब ९० करोड रहेको छ भने अन्य मुलुकसँगको रु. ५९ अर्ब ४३ करोड रहेको छ ।

२६. वस्तु निर्यात वृद्धिदर सीमान्त रहेको तर वस्तु आयात वृद्धिदर उच्च रहेकोले समीक्षा अवधिमा वस्तु व्यापार घाटामा विस्तार आएको हो । समीक्षा अवधिमा कुल निर्यात २.४ प्रतिशतले बढेको छ जबकि अघिल्लो वर्ष कुल निर्यात १.४ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात ७.४ प्रतिशतले घटेतापनि अन्य मुलुकतर्फको निर्यात २५.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष भारततर्फको निर्यात २.५ प्रतिशतले बढेतापनि अन्य मुलुकतर्फको निर्यात ९.६ प्रतिशतले घटेको थियो ।

२७. भारततर्फ मुख्यतया वनस्पति घ्यू, कपडा, रसायन, खोटो तथा तयारी पोशाकको निर्यातमा कमी आउनाले त्यसतर्फको निर्यात घटेको हो । अन्य मुलुकतर्फ विशेषगरी दाल, नेपाली कागज र कागजबाट निर्मित वस्तु, जडीवुटी, गहुँ, चाउचाउ, सेरामिक वस्तु, विद्युतीय तार र स्टेशनरीको निर्यात बढ्नाले त्यसतर्फको निर्यात बढेको हो ।

२८. आर्थिक वर्ष २०६४।६५ मा कुल आयात १६.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १२.० प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा २४.७ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात ३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारत एवम् अन्य मुलुकबाट भएको आयात क्रमशः ८.१ प्रतिशत र १८.३ प्रतिशतले बढेको थियो ।

२९. आर्थिक वर्ष २०६४।६५ मा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम.एस. विलेट, सवारी साधन तथा पार्टपुर्जा, हट रोल्ड शीट इन्क्वाइल र कोल्ड रोल्ड शीट इन्क्वाइल एवम् अन्य मुलुकबाट विशेषगरी दूरसंचारका सामाग्री तथा पुर्जा, अन्य मेशिनरी तथा पार्टपुर्जा, सवारीसाधन तथा पार्टपुर्जा, भिडियो, टेलिभिजन तथा पुर्जा र प्लाष्टिकका दानाको आयातमा उल्लेख्य वृद्धि आउनाले कुल आयात बढेको हो ।

३०. आर्थिक वर्ष २०६४।६५ मा विप्रेषण आप्रवाह ४२.५ प्रतिशतले विस्तार भई रु. १४२ अर्ब ६८ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनसँग अनुपात निकाल्दा १७.४ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०६३।६४ मा विप्रेषण आप्रवाह २.५ प्रतिशतले वृद्धि भई रु. १०० अर्ब रहेको थियो, जसको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.८ प्रतिशत हुन आउँथ्यो । त्यसैगरी चालू तथा पूँजीगत विदेशी अनुदान सहयोग आर्थिक वर्ष २०६४।६५ मा रु. ३३ अर्ब ६४ करोड रहेको छ । आर्थिक वर्ष २०६३।६४ मा यस्तो सहयोग रु. २२ अर्ब ६७ करोड रहेको थियो ।

### विदेशी विनिमय सञ्चिति

३१. कुल विदेशी विनिमय सञ्चितिको वार्षिक वृद्धि २८.८ प्रतिशत रही २०६५ असारमा रू. २१२ अर्ब ६२ करोड पुगेको छ । २०६४ असारमा विदेशी विनिमय सञ्चिति रु. १६५ अर्ब १३ करोड रहेको थियो । अमेरिकी डलरमा भने २०६४ असारदेखि २०६५ असार मसान्तसम्ममा कुल सञ्चिति २१.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब १० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १४.३ प्रतिशतले वढेको थियो । आर्थिक वर्ष २०६४।६५ को आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.३ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

३२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ असार मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७९.७३ रहेकोमा २०६५ असार मसान्तमा ७९.७ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर १४३.२५ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६४ असार मसान्तको तुलनामा २०६५ असार मसान्तमा ४८.० प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६६६.६० बाट अमेरिकी डलर ९८६.०० पुगेको छ ।

### विनिमय दर प्रवृत्ति

३३. २०६४ असार मसान्तको तुलनामा २०६५ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.३ प्रतिशतले न्यूनमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १४.३ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६४ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६४.९ रहेको थियो भने २०६५ असार मसान्तमा उक्त विनिमय दर रु. ६८.५ पुगेको छ ।

## सरकारी वित्त स्थिति

### बजेट घाटा/बचत

३४. आर्थिक वर्ष २०६४।६५ मा नगद प्रवाहमा आधारित बजेट घाटा अघिल्लो वर्षको तुलनामा १३.० प्रतिशतले वढी रू. २१ अर्ब २० करोड पुगेको छ । आर्थिक वर्ष २०६३।६४ मा नगद बजेट घाटा रु. १८ अर्ब ७६ करोड रहेको थियो । आर्थिक वर्ष २०६४।६५ मा कुल गार्हस्थ्य उत्पादनसँग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात २.६ प्रतिशत रह्यो भने आर्थिक वर्ष २०६३।६४ मा पनि सो अनुपात २.६ प्रतिशत रहेको थियो ।

### बजेट घाटा पूर्तिका स्रोतहरु

३५. आर्थिक वर्ष २०६४।६५ मा बजेट घाटा पूर्तिका उपायको रूपमा कुल आन्तरिक ऋण रू. २० अर्ब ५० करोड परिचालन भएको छ । कुल गार्हस्थ्य उत्पादनसँग सो आन्तरिक ऋणको अनुपात २.५ प्रतिशत हुन आउँछ ।

३६. समीक्षा अवधिमा रु ८ अर्ब ५६ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारको राष्ट्र बैंकसँग रु. २ अर्ब १० करोड नगद मौज्दात समेत रहेकोले नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन रु. ९ अर्ब ८३ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात निकाल्दा १.२ प्रतिशत हुन आउँछ । फलतः नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण (नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात समावेश गरेपछि) २०६५ असार मसान्तसम्ममा रू. १०६ अर्ब १ करोड पुगेको छ ।

३७. न्यून वित्त पूर्तिको अर्को उपाय वैदेशिक नगद ऋण परिचालन आर्थिक वर्ष २०६४।६५ मा १२.५ प्रतिशतले कमी आई रू. ३ अर्ब ८७ करोडमा झरेको छ । अघिल्लो वर्ष रू. ४ अर्ब ४२ करोड बराबर वैदेशिक ऋण परिचालन भएको थियो ।

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

३८. आर्थिक वर्ष २०६४।६५ मा नेपाल सरकारको राजस्व २२.६ प्रतिशतले वृद्धि भई २०६५ असार मसान्तसम्ममा रू. १०७ अर्ब ५५ करोड पुगेको छ। अघिल्लो वर्ष नेपाल सरकारको राजस्व २१.३ प्रतिशतले वृद्धि भई रु. ८७ अर्ब ७१ करोड रहेको थियो। फलस्वरुप, राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात आर्थिक वर्ष २०६३।६४ मा १२.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४।६५ मा १३.१ प्रतिशत रहेको छ। आयातमा भएको उल्लेख्य वृद्धिका कारण भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क राजस्वमा वृद्धि हुनुको साथै करदाता सहभागितामा वृद्धि हुन गई आयकर एवम् गैर-कर राजस्वमा समेत वृद्धि भएकोले राजस्व परिचालनको वृद्धि समीक्षा अवधिमा उच्च रहेको हो।


३९. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर आर्थिक वर्ष २०६४।६५ मा अघिल्लो वर्षकै हाराहारीमा १९.२ प्रतिशतले वृद्धि भई रू. ३१ अर्ब १५ करोड परिचालन भएको छ। विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र अन्य सुधारहरु जस्तै ठूला करदाता इकाई (Large Taxpayers' Unit-LTU) को स्थापना भएको, विलिङ्ग प्रणालीको सुदृढीकरण, नन्फाइलरको व्यवस्थापन आदिको कारणले समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदर उच्च रहेको हो।

४०. आर्थिक वर्ष २०६४।६५ मा भन्सार महसूलबाट प्राप्त हुने राजस्व १८.६ प्रतिशतले वृद्धि भई रू. १९ अर्ब ८१ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व ९.० प्रतिशतले मात्र वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु, उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धि, र भारतीय अन्तःशुल्क फिर्ता रकम पनि बढेकाले भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो।

४१. समीक्षा वर्षमा अन्तःशुल्क राजस्व २०.० प्रतिशतले मात्र वृद्धि भई रू. ११ अर्ब २२ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व ४३.० प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरूको पहिचान, अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो।

४२. आर्थिक वर्ष २०६४।६५ मा सरकारको आयकर राजस्व २१.४ प्रतिशतले वृद्धि भई रू. १९ अर्ब ९ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व ४२.७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा नेपाल टेलिकम, सूर्य नेपाल, स्पाईस नेपाल, गोर्खा ब्रुअरी, स्ट्याण्डर्ड चार्टर्ड बैंक लगायतका ठूला करदाता कम्पनीहरुले उल्लेखनीय रकम आयकर तिरेको कारण आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो।

**चार्ट १ : राजस्व परिचालनको संरचना**



४३. समीक्षा वर्षमा कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश २९.० प्रतिशत, भन्सारको १८.४ प्रतिशत, अन्तःशुल्कको १०.४ प्रतिशत र आयकरको अंश १७.८ प्रतिशत रहेको छ। अघिल्लो वर्ष ती अनुपातहरू क्रमशः २९.८ प्रतिशत, १९.० प्रतिशत, १०.७ प्रतिशत र १७.९ प्रतिशत थिए।

४४. समीक्षा वर्षमा गैर-कर राजस्व २९.० प्रतिशतले वृद्धि भई रू. २१ अर्ब ३३ करोड परिचालन भएको छ। अघिल्लो वर्ष गैर-कर राजस्व १७.२ प्रतिशतले मात्र वृद्धि भएको थियो। नेपाल राष्ट्र बैंकलगायत अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई प्राप्त हुने लाभांश रकम वृद्धि भएको, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण र नागरिक उड्डयन प्राधिकरण जस्ता संस्थानहरुबाट सरकारलाई साँवा फिर्ता प्राप्त भएका कारण गैर-कर राजस्वमा वृद्धि भएको हो।

४५. न्यून वित्त परिचालन गर्ने सन्दर्भमा, आर्थिक वर्ष २०६४।६५ मा वैदेशिक नगद अनुदान ३७.५ प्रतिशतले वृद्धि भई रू. १७ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुदान ४३.५ प्रतिशतले वृद्धि भई रू. १२ अर्ब ७५ करोड मात्र परिचालन भएको थियो। यस अवधिमा जर्मन सरकारले मध्यमर्स्याङ्गदी जल विद्युत परियोजनाका लागि, एशियाली विकास बैंकले ग्रामीण पुनर्निर्माण तथा पुनस्थापना क्षेत्र विकास कार्यक्रमका लागि, विश्व बैंकले गरीबी निवारण कोष, सडक क्षेत्र सुधार आयोजना, सिंचाई तथा जलस्रोत व्यवस्थापन र सबैका लागि शिक्षा कार्यक्रमका लागि, युनिसेफले महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्यक्रम, खाद्य तथा पोषण कार्यक्रम तथा एचआइभी नियन्त्रण लगायतका विभिन्न परियोजनाहरुका लागि, फिनल्याण्ड सरकारले ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमका लागि उल्लेखनीय परिमाणको वैदेशिक सहायता प्रदान गरेका कारण समीक्षा वर्ष वैदेशिक नगद अनुदानको वृद्धि भएको हो।

### सरकारी खर्च

४६. आर्थिक वर्ष २०६४।६५ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १८.५ प्रतिशतले वृद्धि भई २०६५ असार मसान्तसम्ममा रू. १४८ अर्ब ५६ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च २३.३ प्रतिशतले बढेको थियो।

४७. आर्थिक वर्ष २०६४।६५ मा नेपाल सरकारको चालू खर्च १८.० प्रतिशतले वृद्धि भई २०६५ असार मसान्तसम्ममा रू. ८७ अर्ब ४६ करोड पुगेको छ। अघिल्लो वर्ष चालू खर्च १४.८ प्रतिशतले बढेको थियो। सरकारी कर्मचारीको तलव वृद्धि, द्वन्द्व व्यवस्थापन सम्बन्धी खर्च, संविधानसभाको निर्वाचन खर्च र विभिन्न शीर्षकमा गैर-वजेटरी खर्चको निकासाका कारण समीक्षा वर्ष चालू खर्च वढी दरले विस्तार भएको हो।

४८. समीक्षा वर्षमा पूँजीगत खर्च ३२.२ प्रतिशतले वृद्धि भई रू. ४२ अर्ब ७२ करोड पुगेको छ। अघिल्लो वर्ष पूँजीगत खर्च ५७.७ प्रतिशतले बढेको थियो। नेपाल सरकारले आयल निगमलाई पेट्रोलियम पदार्थको दायित्व भुक्तानीवापत् रु. ६ अर्ब ६७ करोड ऋण प्रदान गरेको, कृषि विकास बैंकमा रु. २ अर्ब ८३ करोड र नेपाल विद्युत प्राधिकरणमा रु. २ अर्ब २३ करोड शेयर लगानी गरी सार्वजनिक संस्थानहरुमा रु. ८ अर्ब ८५ करोड लगानी भएको र गरीबी निवारण कोषलाई रु. १ अर्ब ८७ करोड भुक्तानी दिएकाले समीक्षा अवधिमा पूँजीगत खर्च बढेको हो। यसका अतिरिक्त स्थानीय समुदायको सहभागितामा ग्रामीण पूर्वाधार निर्माण (ट्रान्समिशन लाइन विस्तार, स्थानीय स्तरमा साना जलविद्युत आयोजना विस्तार, वैकल्पिक उर्जा विकास) मा गरिएको सरकारी लगानी तथा वर्षको अन्त्यमा स्थानीय निकायहरूलाई उल्लेखनीय रकम निकासा भएको कारण समीक्षा वर्षमा पूँजीगत खर्चको वृद्धिदरमा विस्तार आएको हो।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

४९. आर्थिक वर्ष २०६४।६५ मा मौद्रिक विस्तार उल्लेख्य रहेको छ। मौद्रिक योगाङ्कहरुमध्ये विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०६४।६५ मा २५.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सो मुद्राप्रदाय १४.० प्रतिशतले बढेको थियो। त्यसैगरी, संकुचित मुद्राप्रदाय आर्थिक वर्ष २०६४।६५ मा २१.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष संकुचित मुद्राप्रदाय वृद्धि १२.२ प्रतिशत रहेको थियो। खुद वैदेशिक तथा आन्तरिक सम्पत्तिको उल्लेख्य वृद्धिका कारण समीक्षा अवधिमा मुद्राप्रदायको विस्तार उच्च रहेको हो।

५०. अघिल्लो वर्ष चलनचल्तीमा रहेको मुद्रा ७.४ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १९.९ प्रतिशतले बढेको छ। समीक्षा वर्षमा विप्रेषण आप्रवाह उच्च रहेकोले ग्रामीण क्षेत्रसम्म यसको प्रवाह बढेको र सरकारी राहत तथा

संविधानसभाको निर्वाचनमा भएको खर्चले चलनचल्तीमा रहेको मुद्रा बढाएको हो । समीक्षा वर्षमा माग निक्षेप २५.० प्रतिशतले बढेको छ । उक्त निक्षेप अघिल्लो वर्ष २२.८ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ गएको कर्जामा भएको वृद्धिको कारण माग निक्षेप बढेको हो । त्यस्तै, विस्तृत मुद्राप्रदायको अर्को अंश आवधिक निक्षेप अघिल्लो वर्ष १४.९ प्रतिशतले बढेकामा समीक्षा वर्षमा २७.० प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाहमा विस्तार आएकोले आवधिक निक्षेपको वृद्धि उच्च रहेको हो ।

**खुद वैदेशिक सम्पत्ति**

५१. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू २९ अर्ब ६७ करोड (२२.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति रू ५ अर्ब ९० करोड (४.२ प्रतिशत) ले बढेको थियो । समीक्षा वर्षमा विप्रेषण आप्रवाह तथा वैदेशिक सहायता लगायत पर्यटन सेवामा आएको विस्तारले गर्दा वैदेशिक सम्पत्ति बढेको हो ।

**कुल आन्तरिक कर्जा**

५२. समीक्षा वर्षमा कुल आन्तरिक कर्जाको विस्तार २०.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष उक्त कर्जा १६.७ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जा विस्तार उल्लेख्य रहेका कारण समीक्षा अवधिमा आन्तरिक कर्जा बढेको हो । समीक्षा अवधिमा वित्तीय संस्थामाथिको कर्जा विस्तार पनि उच्च रहेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा विस्तार रू ४ करोड रहेकोमा समीक्षा वर्षमा रू १ अर्ब ८ करोडले बढेको छ ।

५३. मौद्रिक क्षेत्रको नेपाल सरकारमाथिको दावी अघिल्लो वर्ष रू ७ अर्ब ३७ करोडले विस्तार भएकोमा समीक्षा वर्षमा रू ७ अर्ब ४६ करोडले बढेको छ । राजस्व परिचालनमा विस्तार आएकोले समीक्षा वर्षमा नेपाल सरकारमाथिको दावी कम दरले बढेको हो । समीक्षा वर्षमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू २ अर्ब १० करोड बराबरको नगद बचत रहेको छ ।

**संचित मुद्रा**

५४. अघिल्लो वर्ष ७.५ प्रतिशतले बढेको संचित मुद्रा समीक्षा वर्षमा २१.२ प्रतिशतले बढेको छ । मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिको विस्तार उच्च रहेकोले गर्दा संचित मुद्राको वृद्धिदर उल्लेख्य रहेको हो ।

**वाणिज्य बैंकहरूको निक्षेप संकलन, कर्जा परिचालन तथा तरलताको स्थिति**

५५. समीक्षा वर्षमा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ८७ अर्ब ७ करोड अर्थात २६.० प्रतिशतले बढी २०६५ असारसम्म रु ४२१ अर्ब ५२ करोड पुगेको छ । कुल निक्षेप परिचालन मध्ये बचत निक्षेप रू ३६ अर्ब ७७ करोड (२१.१ प्रतिशत) र मुद्दती निक्षेप रू ३८ अर्ब ३३ करोड (३३.६ प्रतिशत) ले बढेको छ । नयाँ थप ५ वाणिज्य बैंकहरू संचालनमा आउनुका साथै वाणिज्य बैंकहरूको शाखा विस्तार उल्लेख्य भएको र विप्रेषण आप्रवाह वृद्धि उच्च रहेकोले गर्दा निक्षेप परिचालनको वृद्धि उच्च रहेको हो ।

५६. समीक्षा वर्षमा वाणिज्य बैंकहरूको नीजि क्षेत्रतर्फको कर्जा रू ७१ अर्ब ४२ करोड (२६.९ प्रतिशत) ले बढेको छ । निक्षेप परिचालन बाहेक समीक्षा वर्षमा वाणिज्य बैंकहरूले थप रू ११ अर्ब ७३ करोड बराबरको चुक्ता पूँजी परिचालनमार्फत् पनि कर्जा प्रवाह बढाएका छन । यसर्थ, कर्जा-निक्षेप अनुपात अघिल्लो वर्ष ८२.१ प्रतिशत रहेकोमा समीक्षा वर्षमा बढी ८२.६ प्रतिशत पुगेको छ ।

५७. निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा उत्पादन, आवास तथा गैर-आवासीय निर्माण क्षेत्र, थोक तथा खुद्रा व्यापार र घरजग्गा खरीदतर्फको कर्जा विस्तार उल्लेख्य रहेको छ । समीक्षा वर्षमा उत्पादनतर्फको खाद्यप्रशोधन उधोगहरूतर्फको कर्जा रू २ अर्ब ४८ करोडले बढेको छ भने फलाम तथा स्टिलजन्य उत्पादनमा रू २ अर्ब ६८ करोड थप कर्जा प्रवाह भएको छ । त्यस्तै, निर्माण क्षेत्रतर्फको कर्जा रू १२ अर्ब ५९ करोडले बढेको छ भने घरजग्गा कारोवारतर्फ रू ८ अर्ब २५ करोडले थप कर्जा प्रवाह भएको छ । अघिल्लो वर्ष घरजग्गा कारोवारतर्फको कर्जा रू १ अर्ब ८ करोडले बढेको थियो । समीक्षा वर्षमा शेयरको धितो तथा ट्रष्ट कर्जा लगायत अन्य क्षेत्रमा गएको कर्जा रू १७ अर्ब ५१ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा रू ६ अर्ब ५८ करोडले बढेको थियो ।

५८. आर्थिक वर्ष २०६४।६५ मा वाणिज्य बैंकहरूको तरल सम्पत्ति १५.५ प्रतिशतले बढी कुल रू १५१ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति ८.४ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा तरल सम्पत्तिमध्ये तरलकोष रू २१.७ प्रतिशत (रू १४ अर्ब ८ करोड) ले बढी रु. ७९ अर्ब पुगेको छ । अघिल्लो वर्ष उक्त कोष

५.२ प्रतिशतले बढेको थियो । वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकसंग राखेको नगद मौज्दात २०६५ असारमा रु २३ अर्ब ६ करोड रह्यो जुन सर्वसाधारणको उनीहरुसंग रहेको कुल स्वदेशी निक्षेपसंगको अनुपात ६.२ प्रतिशत हुन आउँछ । २०६४ असारमा यस्तो अनुपात ७.४ प्रतिशत रहेको थियो । तरलकोष अर्न्तगत वाणिज्य बैंकहरूको विदेशी मौज्दात २१.१ प्रतिशतले वढी रू ४१ अर्ब १० करोड पुगेको छ । तरल सम्पत्ति अन्तर्गत नेपाल सरकारको ऋणपत्रमा गरेको लगानी ९.५ प्रतिशतले वृद्धि भई रु. ७२ अर्ब १० करोड पुगेको छ । २०६५ असारमा वाणिज्य बैंकहरुको तरलता-निक्षेप अनुपात २०६४ असारको ३९.१ प्रतिशतबाट ३५.८ प्रतिशतमा झरेको छ ।

**तरलता व्यवस्थापन**

५९. आर्थिक वर्ष २०६४/६५ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ५७ करोड खुद खरीद गरी रू १०२ अर्ब ४० करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर ९१ करोड ५७ लाख खुद खरीद गरी रू ६४ अर्ब ४५ करोड बराबरको खुद तरलता प्रवाह भएको थियो । विप्रेषण आप्रवाहमा विस्तार आएकोले आर्थिक वर्ष २०६४/६५ मा विदेशी मुद्रा बजारमा खरीद हस्तक्षेप बढेको हो ।

६०. आर्थिक वर्ष २०६४/६५ मा अमेरिकी डलर १ अर्ब ७३ करोड बिक्री गरी ७० अर्ब ६० करोड भा.रू. खरीद भएको छ जुन नेपाली मुद्रामा रु. ११३ अर्ब हुन आउँछ । अघिल्लो वर्षको यसै अवधिमा ९३ करोड अमेरिकी डलर भारतीय मुद्रा बजारमा बिक्री गरी ४० अर्ब ३२ करोड भा.रू. खरीद भएको थियो । भारतसँगको बढ्दो चालु खाता घाटा र नेपाल आयल निगमले भारतीय आयल निगमलाई अघिल्लो वर्षभन्दा बढी भुक्तानी गरेकोले समीक्षा अवधिमा भा.रू. खरीद बढेको हो ।


६१. आर्थिक वर्ष २०६४।६५ मा मौद्रिक उपायको रुपमा रिभर्स रिपो बोलकबोलमार्फत् रू ६ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत् रू १४ अर्ब ८५ करोड गरी कुल रू २१ अर्ब ४२ करोड बराबरको तरलता प्रशोचन भएको छ । समीक्षा वर्षको पहिलो छैटौं र सातौं महिनामा केही वाणिज्य बैंकहरूले अल्पकालीन तरलता समस्या सामना गर्नु परेकाले रिपो बोलकबोलमार्फत् भएको कुल रू ९ अर्ब बराबरको तरलता प्रवाहलाई समायोजन गर्दा समीक्षा वर्षमा रू १२ अर्ब ४२ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । अघिल्लो आर्थिक वर्षमा बिक्री बोलकबोलबाट रू १८ अर्ब ४० करोड र रिभर्स रिपो बोलकबोलबाट रू १४ अर्ब ३४ करोड गरी कुल रू ३२ अर्ब ७४ करोड बराबरको तरलता प्रशोचन भएकोमा रिपो बोलकबोलमार्फत् प्रवाह भएको कुल रू २ अर्ब बराबरको तरलता प्रवाहलाई समायोजन गर्दा रू ३० अर्ब ७४ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो ।

६२. आर्थिक वर्ष २०६४।६५ मा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको स्थायी तरलता सुविधा (SLF) कर्जा कुल रु. १०३ अर्ब ८३ करोड पुगेको छ । आर्थिक वर्ष २०६३/६४ मा वाणिज्य बैंकहरुले रू. ४६ अर्ब ९७ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका थिए ।

६३. समीक्षा वर्षमा वाणिज्य बैंकहरूबीचको कुल अन्तर बैंक कारोवार रू २५८ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कारोवार रू १७० अर्ब १८ करोड रहेको थियो । पूँजी बजारतर्फ बैंक कर्जामा विस्तार आउनुको साथै वाणिज्य बैंकहरुको नगद कोष व्यवस्थापन कार्यमा सुधार आएकोले कुल अन्तर बैंक कारोवार समीक्षा वर्षमा उल्लेख्य बढेको हो ।


**व्याजदर**

६४. समीक्षा वर्षमा ९१-दिने ट्रेजरी बिल्सको वार्षिक भारित औसत व्याजदर अघिल्लो वर्षको २.४४ प्रतिशतबाट बढेर ४.२१ प्रतिशत कायम हुन आएको छ । त्यस्तै, अघिल्लो वर्ष भारित औसत वार्षिक अन्तर बैंक व्याजदर २.२६ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ४.४२ प्रतिशत रहेको छ । समीक्षा वर्षमा बचत निक्षेपको व्याजदर अघिल्लो वर्षको अधिकतम ५.५ प्रतिशतबाट बढी ६ प्रतिशतमा पुगेको छ भने एक वर्ष भन्दा माथिको आवधिक निक्षेपको अधिकतम व्याजदर अघिल्लो वर्षको ५.५ प्रतिशतबाट बढेर ६.८ प्रतिशत पुगेको छ । त्यस्तै, समीक्षा वर्षमा कर्जातर्फको व्याजदरमा पनि परिवर्तन आएको छ । अघिल्लो वर्ष औद्योगिक कर्जाको अधिकतम व्याजदर १३.५ प्रतिशत रहेकोमा समीक्षा वर्षमा १३ प्रतिशतमा घटेको छ भने कृषि कर्जाको अधिकतम व्याजदर पनि अघिल्लो वर्षको १३.० प्रतिशतबाट १२.० प्रतिशतमा झरेको छ । वित्तीय सँस्थाहरूबीचको बढ्दो प्रतिस्पर्धाले गर्दा व्याजदरमा परिवर्तन आएको हो ।





## धितोपत्र बजार

६५. वार्षिक बिन्दुगत नेप्से सूचकाङ्क ४०.८५ प्रतिशतले वृद्धि भई २०६५ असार मसान्तमा ९६३.३६ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ असार मसान्तमा ६८३.९५ थियो । नेप्से सूचकाङ्कले २०६४ पुस २ गते १०६४.०९ बिन्दु पुगेर आर्थिक वर्ष भरिको नयाँ रेकर्ड कायम गरेको थियो ।




६६. बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ९६.६ प्रतिशतले वृद्धि भई २०६५ असार मसान्तमा रु. ३६६ अर्ब २५ करोड पुगेको छ । फलस्वरुप २०६५ असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४४.६ प्रतिशत पुगेको छ । २०६४ असार मसान्तमा यस्तो अनुपात २५.६ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा अर्थात ८९.३ प्रतिशत ओगटेका छन् । यसैगरी अन्य सूचीकृत संस्थाहरुको बजार पूँजीकरण स्थिति चार्ट ४ र तालिका २ मा दिइएको छ ।

## चार्ट ४ : बजार पूँजीकरण
(प्रतिशतमा)





### तालिका २
### बजार पूँजीकरण (२०६४।६५)

| सूचीकृत क्षेत्रगत कम्पनीहरु | कुल पूँजीकरण (रु. करोडमा) | अंश (प्रतिशतमा) |
|---|---|---|
| वित्तीय संस्थाहरु | ३२६८६.९ | ८९.३ |
| वाणिज्य बैंकहरु | २५९९५.५ | ७१.० |
| विकास बैंकहरु | १७९९.८ | ५.० |
| वित्त कम्पनीहरु | ३७६७.४ | १०.३ |
| बीमा कम्पनीहरु | ११२४.१ | ३.१ |
| उत्पादन तथा प्रशोधन उद्योगहरु | ७५१.७ | २.१ |
| होटेल | ४८१.० | १.३ |
| व्यापारिक संस्थाहरु | ११७.० | ०.३ |
| जल बिद्युत कम्पनीहरु | २५८६.३ | ७.१ |
| अन्य | १.९ | ०.० |
| **जम्मा** | ३६६२४.८ | १००.०० |

६७. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३५.५ प्रतिशत रही २०६५ असार मसान्तमा रु.२९ अर्ब ४६ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । उक्त वृद्धि रकममध्ये सबभन्दा ठूलो हिस्सा हदप्रद शेयरको ५५ प्रतिशत रहेको छ भने बोनस शेयरको ३१.० प्रतिशत र साधारण शेयरको अंश १४.० प्रतिशत रहेको छ ।

**चार्ट ५ : सूचीकृत कम्पनीहरुको पूँजी वृद्धि संरचना (२०६४।६५)**




६८. २०६५ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४२ पुगेको छ । २०६४ असार मसान्तमा यो संख्या १३५ रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये ११२ वटा वित्तीय संस्था, १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र एउटा अन्य समूहका रहेका छन् । २०६५ असार महिनामा पाँचवटा कम्पनीहरुको शेयर सूचीकरण खारेज भएको र दुईवटा कम्पनी आपसमा गाभिएको कारणले अघिल्लो महिनाको तुलनामा सूचीकृत कम्पनीको संख्या घटेको छ ।

६९. २०६५ असार मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.७२ पुगेको छ । यस्तो अनुपात २०६४ असार मसान्तमा ०.७७ रहेको थियो ।

७०. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ असार मसान्तमा ८५.६ रहेकोमा २०६५ असार मसान्तमा १०४.५ पुगेको छ ।

७१. प्राथमिक निष्काशन तर्फ, चालु आर्थिक वर्षमा नेपाल धितोपत्र वोर्डले १८ वटा कम्पनीहरुलाई रु. १ अर्व १ करोड २६ लाख बरावरको साधारण शेयर, ४९ वटा कम्पनीहरुलाई रु ७ अर्व ६० करोड ५२ लाख वरावरको हकप्रद शेयर र नेपाल विद्युत प्राधिकरणसहित पाँचवटा कम्पनीहरुलाई रु २ अर्ब ९५ करोड बरावरको डिवेञ्चरसमेत गरी जम्मा रु ११ अर्ब ५६ करोड ७९ लाखको थप नयाँ धितोपत्र निष्काशन अनुमति प्रदान गरेको छ । यसै आर्थिक वर्षमा रु.२ अर्व १० करोड ८९ लाख वरावरको पचास वटा कम्पनीहरुको वोनस शेयर स्टक एक्सचेन्जमा सूचीकृत भएको छ ।

७२. नेपाल धितोपत्र वोर्डले कम्पनीहरुको शेयर सार्वजनिक निष्कासन गर्दा बिक्री बन्द भएको भोलिपल्टसम्ममा नेपाल राष्ट्र बैंकमा खाता खोली कम्तीमा तीन दिनको लागि जम्मा गर्नुपर्ने व्यवस्थाका साथै धितोपत्र खरीदका लागि प्राप्त भएको रकमलाई निष्काशन बैंक (बैंकर टु द इस्यू) मा ब्याज प्राप्त हुने गरी जम्मा गरेको अवस्थामा कुल प्राप्त हुने ब्याज रकमको असी प्रतिशत रकम प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकमको आधारमा आवेदन गरेको मितिदेखि धितोपत्रको बाँडफाँड हुनुभन्दा अघिल्लो दिनसम्मको अवधि गणना गरी समानुपातिक हिसाबले ब्याज प्रदान गर्न निर्देशनमा दिएको छ ।

७३. नेपाल सरकारले आर्थिक वर्ष २०६४।६५ मा रु १२ अर्ब ५० करोडको ट्रेजरी बिल, रु ६ अर्ब ७ करोडको विकास ऋणपत्र र रु १ अर्ब ९२ करोड ६४ लाखको नागरिक बचतपत्रको प्राथमिक निश्कासन गरेको छ ।

**बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा वृद्धि**

७४. आर्थिक वर्ष २०६४।६५ मा थप ५ वाणिज्य बैंक, २० विकास बैंक, ४ वित्त कम्पनी र १ लघु वित्त कारोवार गर्ने संस्था गरी जम्मा ३० वटा बैंक तथा वित्तीय संस्था स्थापना भएका छन् भने सीमित बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त एकवटा सहकारी संस्था तथा एकवटा लघु वित्त कारोवार गर्ने गैर-सरकारी संस्थाको इजाजत रद्द गरिएको छ । त्यसैगरी समीक्षा अवधिमा बीमा कम्पनीहरुको संख्या ४ ले वृद्धि भई २०६५ असार मसान्तमा २५ पुगेको छ ।

**तालिका ३**

**बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| बैंक तथा वित्तीय संस्थाहरु | २०६४ असार मसान्त | २०६५ असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंकहरु | २० | २५ |
| विकास बैंकहरु | ३८ | ५८ |
| वित्त कम्पनीहरु | ७४ | ७८ |
| लघु वित्त कारोवार गर्ने संस्थाहरु | १२ | १२ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरु (सीमित बैंकिङ्ग कारोबार गर्ने) | १७ | १६ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्थाहरु (लघु वित्त कारोवार गर्ने) | ४७ | ४६ |
| बीमा कम्पनीहरु | २१ | २५ |

७५. समीक्षा अवधिमा नयाँ बैंक तथा वित्तीय संस्थाहरुको स्थापनाका साथै वाणिज्य बैंकका शाखाहरुको विस्तारमा तेजी आएको छ । उदाहरणको लागि, वाणिज्य बैंकहरुको शाखा संख्या २०६५ असार मसान्तसम्ममा १०६ ले वृद्धि भई ५५८ पुगेको छ । सो संख्या २०६४ असार मसान्तमा ४५२ रहेको थियो ।